# दक्षिणकाली नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं
बागमती प्रदेश, नेपाल

प.सं. ०८०/०८१
च.नं. २४८

## अनुदानको मल बिक्रेता नियुक्ति सम्बन्धि सूचना ।

सूचना प्रकाशित मितिः २०८०/०४/२८

नेपाल सरकारबाट स्वीकृत "अनुदानको मल वितरण व्यवस्थापन निर्देशिका,२०७७" बमोजिम स्थानीय तहमा अनुदानको रासायनिक मल आपूर्ति तथा विक्री वितरण व्यवस्थापनलाई सहज गर्नका लागि यस दक्षिणकाली नगर क्षेत्र भित्रका क्रियाशिल दर्तावाला सहकारी संस्था/फर्म वा कम्पनीले यो सूचना प्रकाशित भएको मितिले ७ दिन (२०८०/०५/०२ ) भित्र कार्यालय समयमा तपशिलका कागजात सहित दक्षिणकाली नगरपालिकामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराईन्छ । साथै यस विषयमा थप जानकारीका लागि दक्षिणकाली नगरपालिका कृषि सेवा केन्द्रमा सम्पर्क गर्न सकिनेछ ।

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

क) सहकारी संस्था, फर्म वा कम्पनी दर्ता तथा नविकरण भएको प्रमाणपत्रको प्रतिलिपि ।
ख) सहकारी संस्थाको हकमा संचालक समितिको बैठकको निर्णय प्रतिलिपि।
ग) विगतका दुई आर्थिक वर्षको लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि ।
घ) स्थायी लेखा नम्बर दर्ता प्रमाण पत्रको प्रतिलिपि ।
ङ) सम्बन्धित वडा कार्यालयको सिफारिस पत्र ।
च) रासायनिक मल विक्री वितरणका लागि नाप तौल गर्ने मेशिन, भण्डारको लागि गोदाम घर लगायत यस कार्यका लागि आवश्यक पूर्वाधारको विवरण ।
छ) रासायनिक मल विक्री वितरण स्थल भाडामा भए सम्झौताको प्रतिलिपि ।
ज) रासायनिक मल विक्री गर्न चाहेको क्षेत्र ।

सम्पर्क व्यक्ती
पविता राई ( कृषि शाखा प्रमुख)
मोवाईल नं.- ९८६०५६९८१०

(मधु अर्याल खनाल)
प्रमुख प्रशासकीय अधिकृत